संघीय संसद
प्रतिनिधि सभा
नवौं अधिवेशन
बैठक संख्या - ८

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७८ साल असोज ११ गते सोमबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा दिनको २:१५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठक प्रारम्भ हुनासाथ नेपाल कम्युनिष्ट पार्टी (एमाले)का सभामा उपस्थित मा० सदस्यहरू सभामुख आशन अगाडिको वेलमा आई विभिन्न नाराहरू लगाउने क्रम शुरु गर्नुभयो ।

यसैबीच सम्माननीय सभामुखले सभाको बैठक नियमित रुपले अवरोध गर्दा विभिन्न महत्वपूर्ण विषयहरुमा छलफल हुन वाधा व्यवधान पुगिरहेको छ । सभा सञ्चालनका लागि सहयोग गर्नु हामी सबैको समान दायित्व पनि हो । सभामा आफ्नो कुराहरु राखेर बैठकलाई सुव्यवस्थित तरिकाबाट सञ्चालन गर्न आ-आफ्नो आशन ग्रहण गरी सहयोग गरिदिनुहुन अनुरोध गर्दछु भन्नुभयो ।

त्यसैगरी सम्माननीय सभामुखले नेपालको संविधानको धारा १०५ ले अदालतमा विचाराधीन मुद्दाहरुको सम्बन्धमा न्याय निरुपणमा प्रतिकूल असर पार्ने विषयमाथि संघीय संसदको कुनै सदनमा छलफल गर्न बन्देज गरेको कुरा पुनः स्मरण गराउँदै प्रतिनिधि सभा नियमावली, २०७५ को नियम २१ को खण्ड (ख), (ग) र (घ) का प्रावधानहरु हामी सबैले पालना गर्नुपर्ने प्रावधानहरु हुन्, उल्लिखित प्रावधानहरु पालनाको लागि पुनः अनुरोध गर्दछु भन्नुभयो ।

तदुपरान्त नाराको बीच सम्माननीय सभामुखले राष्ट्रपतिको कार्यालयबाट प्राप्त हुन आएको विधेयक प्रमाणीकरण सम्बन्धी निम्नलिखित पत्रको व्यहोरा पढेर सुनाउनु भयो ।

संघीय संसदको दुवै सदनको बैठकबाट पारित भई नेपालको संविधानको धारा ११३ को उपधारा (१) बमोजिम प्रमाणीकरणको लागि पेश हुन आएको देहाय बमोजिमको विधेयक सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूबाट नेपालको संविधानको धारा ११३ को उपधारा (२) बमोजिम प्रमाणीकरण भएकोले सो को प्रमाणीकृत प्रति थान १ (एक) यसैसाथ संलग्न राखी पठाइएको व्यहोरा अनुरोध गर्दछु ।

| क्र.सं. | विधेयक नं. | विधेयकको नाम | प्रमाणीकरण मिति |
|---|---|---|---|
| १ | १ | विनियोजन विधेयक, २०७८ | २०७८/६/७ |

(तोयनारायण ज्ञवाली)
सचिव

मिति :- २०७८/६/७

तत्पश्चात प्रतिनिधि सभाको सचिव श्री गोपालनाथ योगीले यस सभामा उत्पत्ति भएका “आर्थिक विधेयक, २०७८” र “राष्ट्र ऋण उठाउने विधेयक, २०७८” सुझाव विना पारित भएको सम्बन्धी राष्ट्रिय सभाबाट प्राप्त सन्देश जानकारी गराउनु भयो ।

तदनन्तर अर्को बैठक २०७८ साल असोज १४ गते बिहीबार दिनको १:०० बजे बस्नेगरी दिनको २:२० बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव